# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, पुस १ गते २०३८ साल (अतिरिक्ताङ्क ५४

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट २०३८ साल पुस १ गते "श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस" का उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. आज फेरि हामीहरू हर्ष उल्लासका साथ "श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस" मनाउँदै छौं । यस अवसरमा सर्वप्रथम हामी स्वर्गीय पूज्य बुबाज्युको सम्झना गर्दै मौसूफप्रति श्रद्धाञ्जलि अर्पण गर्छौं । हाम्रो देशमा सामयिक सुधार सहितको संविधान लागू भएको आज एक वर्ष पूरा हुँदैछ । प्रत्यक्ष बालिग मताधिकारको आधारमा यो वर्षको शुरूमा आम निर्वाचन सम्पन्न भई संविधानमा व्यवस्था गरिए अनुसार सरकारको गठन पनि भएको छ । हाम्रो संविधानको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बनौटले विभिन्न संवैधानिक अङ्गहरूका बीच पारस्परिक सामञ्जस्यको परिकल्पना गरेको छ । वास्तवमा यी सबै अङ्गहरूका बीच परस्परमा नियन्त्रण र सन्तुलन नभई प्रजातन्त्रको जगेर्ना हुन पनि सक्दैन ।

२. अहिले देशमा देखा परेको ठूलो चुनौती नै आर्थिक समस्या हो । यसतर्फ ध्यान केन्द्रित गर्दा उत्पादन क्षमता नबढाई देशका बहुसंख्यक जनताको क्रय शक्ति बढ्न सक्दैन भन्ने कुरा प्रष्ट हुन्छ। देशको उर्लंदो जनसंख्याको चापलाई हेर्दा मुलुकको आर्थिक मेरूदण्डका रूपमा परम्परागत कृषिमा आधारित राष्ट्रिय पेशालाई पर्याप्त भन्न मिल्दैन । झन झन जटिल हुँदै गइरहेको अन्तर्राष्ट्रिय परिस्थितिमाथि विचार गर्दा दैनिक उपभोगका सामान्य वस्तुहरूका लागि पनि अरूकै भरमा बस्नु ठीक पर्दैन । त्यसैले हाम्रो अर्थतन्त्रलाई दरिलो बनाउन स्वदेशको स्रोत र साधनलाई सदुपयोग गर्दै आधारभूत कुराका लागि औद्योगिकीकरणतर्फ सुदृढ रूपले पाइला नचाली अब हामीलाई सुखै छैन ।

३. युगानुसार हाम्रो समाजको पनि छिटो र स्वस्थकर उन्नति हुँदै जानु आवश्यक छ । स्वदेश बनाउने जस्तो ठूलो अभिभाराको काम कुरामा जनउत्तरदायी बोकेको श्री ५ को सरकारले आफ्नो तहबाट गर्नुपर्ने कर्तव्य पूरा गर्न पछि पर्नु हुँदैन । साथै जनताले पनि आफ्नो उन्नति हुने सबैजसो विषयमा सरकारी साधन र स्रोतमा मात्र भर नपरी आफू स्वयम् अग्रसर भएमा छिटो देश बन्नेछ भन्ने कुरालाई बुझिदिनु राम्रो हुन्छ । नेपाली समाजलाई अग्रगामी बनाउने हो भने यस व्यवस्थाले परिकल्पना गरेको विकेन्द्रिकरणको सिद्धान्तलाई हाम्रो समाजको तल्लो तहसम्म दैनिक जीवनपद्धतिका रूपमा उतार्नुपर्छ । केन्द्रबाट क्षेत्र, अञ्चल, जिल्ला र गाउँ तथा नगर पञ्चायत हुँदै वडा वडासम्म आफूले गर्नुपर्ने काम कर्तव्य, जिम्मेदारी र अधिकारको प्रत्येक देशवासीले बोध गर्नु र गराउनु नै वास्तविक प्रजातन्त्रको रहस्यलाई बुझ्नु हो । यसैले मात्र हाम्रो प्रजातान्त्रिक पञ्चायत व्यवस्था सम्पूर्ण देशवासीको समुन्नतिका लागि अग्रसर हुँदै बढ्नेछ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
नगेन्द्रप्रसाद श्रेष्ठ
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित

६.३६